बैठक नं.२१

आज मिति २०७८ साल असार ७ गते कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्र पाणी पाण्डेज्यूको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| प्र.जि.अ. | श्री चक्र पाणी पाण्डे |
| जि.स.अ. | श्री भूमिराम पोखरेल |
| प्र.से. | श्री तुरेन्द्र आङदम्बे |
| प्र.उ. | श्री नवराज अधिकारी |
| स.प्र.उ. | श्री ध्रुव बहादुर कार्की |
| प्र.अ.नि. | श्री योगेन्द्र के.सी. |
| मे.सु. | डा. श्री किशोर बन्जाडे |

आमन्त्रित :

जि.स.स.प्रमुख श्री नारायण खनाल, जिल्ला समन्वय समिति, कपिलवस्तु।

स.प्र.जि.अ. श्री गणेश नेपाली, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।

कार्यालय प्रमुख श्री हेमराज पाण्डे, स्वास्थ्य कार्यालय, कपिलवस्तु।

कार्यालय प्रमुख श्री ऋषिराम पौडेल, भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा।

कार्यालय प्रमुख श्री विनोद श्रेष्ठ, नापी कार्यालय, तौलिहवा।

मालपोत अधिकृत श्री टिकाराम पौडेल, कार्यालय मालपोत कार्यालय, चन्द्रौटा।

कार्यालय प्रमुख श्री देवेन्द्रनाथ यादव, नापी कार्यालय, चन्द्रौटा।

प्रशासकीय अधिकृत श्री अशोक विष्ट , जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।

अध्यक्ष श्री किरणमान बज्राचार्य, नेपाल पत्रकार महासंघ, कपिलवस्तु।

अध्यक्ष श्री गयाद्दिन कुर्मी, उद्योग वाणिज्य संघ, तौलिहवा।

फोकल पर्सन श्री उमेश घिमिरे, स्वास्थ्य कार्यालय, कपिलवस्तु।

निर्णयहरु:-

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो । कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा मिति २०७८।०३।०७ गते सम्म एन्टीजेन (५०४१) तथा PCR (३९९३) टेष्ट गरी जम्मा ९०३४ जनालाई गरिएको र हाल सम्म ३३१३ जम्मा संक्रमित पाइएकोमा २९७५ निको भएको, १६५ मृत्यु भएको र अहिले १७३ जना संक्रमित रहेको देखिन्छ । त्यसै गरी यस जिल्ला भित्रका स्थानीय तहमा देहाय बमोजिम Antigen/PCR टेष्ट गरेको देखिन्छ ।

| क्र.सं. | स्थानीय तह | एन्टीजेन टेष्ट संख्या | PCR टेष्ट संख्या | संक्रमित संख्या |
|---|---|---|---|---|
| १ | कपिलवस्तु अस्पताल र नगरपालिका | ३१३ | १८८४ | ७४९ |
| २ | बाणगंगा नगरपालिका | २७६ | ११२५ | ५७६ |
| ३ | बुद्धभूमि नगरपालिका | ४२१ | ४९२ | २२३ |
| ४ | शिवराज नगरपालिका | १२५३ | ६१३ | २४४ |
| ५ | कृष्णनगर नगरपालिका | ५५६ | - | १२ |
| ६ | महाराजगंज नगरपालिका | १३८ | - | २३ |
| ७ | यशोधरा गाउँपालिका | ६५९ | - | ५८ |
| ८ | मायादेवी गाउँपालिका | २११ | १५० | ८९ |
| ९ | शुद्धोधन गाउँपालिका | २१९ | - | ३२ |
| १० | विजयनगर गाउँपालिका | ३०६ | - | ४० |
| ११ | कृष्णनगर नाका | ६८५ | - | ६३ |

२. कोभिड - १९ संक्रमणको लक्षण देखिएका व्यक्तिहरुलाई समयमै उपचार गरेमा निको हुने दर बढी हुनाले सो बारेमा जानकारी गराउन र नजिकको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गरी एन्टीजेन वा पि.सी.आर. टेस्ट गर्न अनुरोध गर्ने ।

३. यस जिल्लामा जारी भएको निषेधाज्ञाको अवधि मिति २०७८।०३।०७ गते राती १२:०० बजे सकिने र कोभिड - १९ सक्रिय संक्रमणको अवस्थामा कमी आइरहेको भएतापनि संक्रमण जोखिम कायमै रहेकोले केही आर्थिक तथा व्यवसायिक क्रियाकलाप खुकुलो बनाउने र केही सरकारी कार्यालयबाट आंशिक सेवा प्रदान गर्ने तथा अन्य सरकारी कार्यालय / सार्वजनिक निकायबाट नियमित सेवा प्रदान गर्ने गरी मिति २०७८।०३।१४ गते सोमबार राती १२:०० बजे सम्म निषेधाज्ञा थप गर्न सिफारिस गर्ने ।

४. निषेधाज्ञाको पालनामा कडाई गर्न सबै स्थानीय तहहरु, नागरिक समाज, संघसंस्था, संचार माध्यमहरुले प्रचार प्रसार गर्ने ।

२०७८।३।६